# लगत संकलन र प्रविष्टिबारे संक्षिप्त जानकारी

स्थानीय तहहरूमार्फत भइरहेको लगत सङ्कलन तथा लगत सङ्कलनपश्चात् राष्ट्रिय भूमि आयोगको सूचना प्रणाली National Land Commission Information System (NALCIS) मा लगत प्रविष्टि गर्ने क्रममा आयोगलाई विभिन्न गुनासाहरू प्राप्त भइरहेका छन् । कतिपय गुनासाहरू आयोगको सूचना प्रणालीको प्राविधिक सुधारसँग सम्बन्धित छन् जसलाई सम्बोधन गर्न आयोगबाट प्रक्रिया अघि बढिसका छन्। कतिपय गुनासाहरू आयोगसँग सम्बन्धित कार्यहरूको आधारभूत ज्ञान तथा आवश्यक सूचनाको कमीका कारण आइरहेका छन्। तिनै गुनासा, अस्पष्टता तथा बाधाहरूलाई सरलीकृत रूपमा समाधान गर्ने उद्देश्यले यो सामग्री तयार गरिएको छ।

## १. लगत सङ्कलन कहिले गर्ने ?

राष्ट्रिय भूमि आयोग र स्थानीय तहबीच कार्य सहमति (सम्झौता) पत्रमा हस्ताक्षर भएपश्चात्, राष्ट्रिय भूमि आयोगले लगत सङ्कलनका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गर्दछ, तत्पश्चात उक्त ३५ दिनको म्यादभित्र स्थानीय तहले आफ्नो कार्य तालिका बनाई लगत सङ्कलन गर्नुपर्दछ।

## २. लगत संकलन कसरी गर्ने ?

लगत संकलनका लागि स्थानीय तहहरूले लगत संकलनकर्ताहरू खटाउनु पर्दछ। लगत संकलनका लागि भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरूले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची- ३ बमोजिम रातो फाराम र अव्यवस्थित बसोबासीले अनुसूची- ४ बमोजिम सेतो फाराम प्रयोग गर्नु पर्नेछ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले भर्ने निवेदन फारम सम्बन्धी जानकारी तलको YouTube ट्युटोरियलमा उपलब्ध छ। https://youtu.be/CRLlm_D0MtY

## ३. लगत संकलन छुटेमा के गर्ने ?

राष्ट्रिय भूमि आयोगले लगत संकलनका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरेको ३५ दिने सूचनाको म्यादभित्र लगत संकलन गरी नसकेमा वा लगत संकलन छुटेमा स्थानीय तहले एक पटकका लागि कारण खुलाई पुनः सूचनाका लागि राष्ट्रिय भूमि आयोगमा अनुरोध गरी पठाउनु पर्दछ। उक्त अनुरोधको आधारमा आयोगले पुनः एक पटकका लागि सूचना निकाल्ने व्यवस्था छ।

## ४.लगत प्रविष्टि (डाटा इन्ट्रि) के हो ?

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले पेश गरेका निवेदन फर्महरू राष्ट्रिय भूमि आयोगको सूचना प्रविष्टि NALCIS प्रणालीमा प्रविष्टि (डाटा इन्ट्रि) गर्नु हो ।

## ५.लगत प्रविष्टिको लागि User Id र Password कसरी पाइन्छ ?

लगत प्रविष्टि प्रणालीको प्रयोगकर्ताको User Id तथा Password आयोगबाट उपलब्ध गराउनका लागि निम्न लिखित विवरणहरू सहित स्थानीय तहले आयोगमा पत्राचार गर्नु पर्दछ।

आवश्यक विवरणहरू:

- पूरा नाम

- इमेल ठेगाना
- सम्पर्क नम्बर
- नागरिकता नं.
- नागरिकता जारी मिति तथा जारी जिल्ला
- प्रयोगकर्ताको प्रकार (सेवाकेन्द्र प्रमुख अथवा लगत प्रविष्टिकर्ता)

**सेवाकेन्द्र प्रमुखको हकमा**

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोबासी सेवाकेन्द्र प्रमुखको हकमा निजलाई सेवा केन्द्र प्रमुख तोकिएको आधिकारिक निर्णय अथवा नियुक्ति पत्र उपलब्ध गराए पश्चात मात्र सेवा केन्द्र प्रमुखको ID उपलब्ध गराउन सक्ने व्यहोरा जानकारी गराउदछौं ।

## ६.लगत प्रविष्टि कसरी गरिन्छ?

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले भरेको निवेदन फारम वडाको सहजीकरण समितिको निर्णय पश्चात वडा सचिवले रुजु र वडा अध्यक्षले प्रमाणित गरेपश्चात स्थानीय तहले लगत प्रविष्टि गर्नु पर्नेछ । यस सम्बन्धी सामाग्री Youtube ट्युटोरियलमा उपलब्ध छ ।

NALCIS Data Entry User Guide: https://www.youtube.com/watch?v=mHwCWFz0o9s&t=93s

## ७.निस्सा वितरणको कार्य कसरी गर्ने ?

स्थानीय तहले लगत संकलन सँगै उक्त फारम दर्ता गरी Electronic माध्यमबाट पालिकामा पठाई राष्ट्रिय भूमि आयोगको सूचना प्रणाली (NALCIS) मा लगत प्रविष्टि गरी कम्प्युटर प्रणालीबाट प्राप्त निस्सा वितरण गर्नुपर्दछ ।

## ८.भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले भरेका फर्म NALCIS प्रणालीमा प्रविष्टि (इन्ट्रि) गर्नुपूर्व सुनिश्चित गर्नुपर्ने कुराहरूः

- फाराम अनिवार्य रूपमा दर्ता भएको हुनुपर्नेछ र दर्ता मिति सूचनाको म्याद भित्र हुनुपर्नेछ ।
- उल्लेख भएका परिवारमूलीको फोटो अनिवार्य हुनुपर्नेछ । टाँसिएको फोटो रोहबरमा बस्ने वडा सदस्यबाट प्रमाणित भएको हुनुपर्नेछ ।
- परिवारमूलीको नागरिकता अनिवार्य रूपमा हुनुपर्नेछ ।
- नागरिकता प्राप्त पत्नी वा पति भए पति/पत्नीको फोटो र नागरिकताको प्रति अनिवार्य रूपमा हुनुपर्नेछ ।
- उल्लेख भएका नागरिकता प्राप्त सदस्यको नागरिकताको प्रतिलिपि अनिवार्य रूपमा हुनुपर्नेछ ।
- माग गरेको जग्गा कम्तीमा दश वर्ष अघिबाट आबाद कमोत भइआएको हो भनी प्रमाणित गरेको सम्बन्धित स्थानीय तह/वडाको सिफारिस अनिवार्य रूपमा हुनुपर्नेछ ।
- उल्लेख भएका प्रमाणको प्रति अनिवार्य रूपमा हुनुपर्नेछ ।
- निवेदकको औँठाछाप तथा दस्तखत अनिवार्य रूपमा हुनुपर्नेछ ।

## ९. NALCIS प्रणालीमा लगत प्रविष्टि मा गर्नु भन्दा पहिले ध्यान दिनुपर्ने विषयहरूः

१. प्रयोगकर्ताको User ID सम्वन्धित व्यक्तिबाहेक अरूलाई प्रयोग गर्न दिनु हुँदैन ।

२. लगत इन्ट्रि गर्दा सबै पेज (चारवटै पाना) अनिवार्य रूपमा स्कयान गरी पिडिएफ फाइल (PDF FILE) अपलोड गर्नु पर्नेछ ।

३. प्रणालीमा प्रविष्टि गरिएको फारम कार्यपालिकाले अनुमोदन गरेपश्चात आयोगलाई जानकारी गराएर मात्र रुजु गर्नु पर्नेछ। हालको व्यवस्था अनुसार एक पटक रुजु भइसकेको फारम पुनः सम्पादन/सच्याउन मिल्दैन।

४. अव्यवस्थित बसोबासीको निवेदन फाराम भूमिहीन दलित र भूमिहीन सकुम्वासीको तथा भूमिहीनको निवेदन फाराम अव्यवस्थित बसोबासीमा भूलबस भरिएको भन्ने धेरै गुनासाहरू आइरहेका छन्। आयोगको प्रणालीमा प्रविष्टि भइसकेपश्चात् उक्त निवेदन फारामहरूलाई हटाउन पनि सकिदैन र निवेदनको प्रकार पनि परिवर्तन गर्न सकिदैन। त्यस कारण प्रविष्टि गर्ने क्रममा उच्चतम् सचेत रही गर्नुहुन सबैमा आयोग अनुरोध गर्दछ । लगत प्रविष्टि पूर्व आयोगको युट्युब च्यानलमा रहेको भिडियो हेर्नुहोला। थप प्रष्टता आवश्यक भएमा आयोगको सूचना प्रविधि शाखामा सम्पर्क गर्नुहोला । यसअघि नै गलत प्रविष्टि भइसकेका फारामहरूबारे आयोगको जिल्ला समिति मार्फत आयोगलाई लिखित रूपमा जानकारी गराउनु होला।

५. लगत प्रविष्टि गर्दा अनिवार्य रूपमा नेपाली यूनिकोड प्रयोग गर्नुपर्नेछ।

## १०. आयोगसँग सम्बन्धित कामहरूको क्रमगत प्रक्रिया

१. स्थानीय तह र राष्ट्रिय भूमि आयोगबीच कार्यसहमति पत्रमा हस्ताक्षर (सम्झौता)।

२. स्थानीय तहमा सेवा केन्द्र व्यवस्थापन।

३. स्थानीय तहहरूमा स्थानीय तहस्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति र वडास्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको गठन। (भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ अनुसार)

४. राष्ट्रिय भूमि आयोगद्वारा राष्ट्रिय स्तरको दैनिकमा लगत संकलन सम्बन्धी ३५ दिने सूचना जारी गर्ने।

५. उक्त ३५ दिनको सूचना बमोजिम स्थानीय तहहरूले आफ्नो कार्यतालिका बनाई ३५ दिनभित्र भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन।

६. ३५ दिनको म्यादभित्र सङ्कलन भएका निवेदनहरूलाई राष्ट्रिय भूमि आयोगको सूचना प्रणाली (NALCIS) मा लगत प्रविष्टिकरण (डाटा इन्ट्रि) तथा निस्सा वितरण।

७. सम्बन्धित वडाद्वारा लगत सङ्कलन कार्यविधिको अनुसूची ७ र ७(क) बमोजिम ७ दिने विवरण सच्याउने र उजुरीका लागि सूचना प्रकाशन।

८. वडा तथा पालिका स्तरीय सहजीकरण समितिबाट छानविन र अनुमोदन।

९. कार्यपालिकाबाट अनुमोदन र आयोगको जिल्ला समितिमा पठाउने।

१०. आयोगको जिल्ला समितिबाट जाँचवुझ तथा दाबीविरोधको १५ दिने सूचना प्रकाशन।

११. नाप नक्साको सूचना।

१२. नापी टोली परिचालन।

१३. स्थलगत नापनक्सा तथा फछर्यौट, नक्सा संशोधन सम्बन्धी सूचना प्रकाशन र नक्साको तयारी।

१४. जिल्ला समितिबाट जग्गा दर्ता गर्ने सम्बन्धी निर्णय गरी फिल्डबुकको तयारी।

१५. जग्गा धनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जाको तयारी तथा वितरण।

१६. जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जाको रेकर्ड राखी जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण।

नेपाल सरकार
राष्ट्रिय भूमि आयोग
काठमाडौं
ताहाचल

## ११.जग्गाको क्षेत्रफल

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई उपलब्ध हुने अधिकतम क्षेत्रफल कृषि वा आवास प्रयोजन

| क्षेत्र | आवस प्रयोजन | | | कृषि प्रयोजन(कृषि बाहेक अन्यमा प्रयोग गर्न नपाइने) | | |
|---|---|---|---|---|---|---|
| | व.मि | वि.-क.-धु. | रो.-आ.-पै.-दा. | व.मि | वि.-क.-धु. | रो.-आ.-पै.-दा. |
| काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको सहरी क्षेत्रमा | १३०.० | ०-०-७.६८ | ०-४-०-१.४२ | उपलब्ध नहुने | | |
| काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको सहरी क्षेत्रबाहेकको क्षेत्र | ३४०.० | ०-१-०.०८ | ०-१०-२-३.०९ | | | |
| तराई र भित्रि मधेसमा | | | | २०००.०० | ०-५-१८.१२ | ३-१४-३-२.४१ |
| हिमाल र पहाड | | | | ३०००.०० | ०-८-१७.१८ | ५-१४-१-१.६२ |

अव्यवस्थित वसोवासीलाई आबाद कमोत गर्दै आएको स्थानमा आवास वा कृषि प्रयोजन

| क्षेत्र | आवस प्रयोजन | | | कृषि प्रयोजन | | |
|---|---|---|---|---|---|---|
| | व.मि | वि.-क.-धु. | रो.-आ.-पै.-दा. | व.मि | वि.-क.-धु. | रो.-आ.-पै.-दा. |
| काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको सहरी क्षेत्रमा | १३०.० | ०-०-७.६८ | ०-४-०-१.४२ | ०व.मि. | | |
| काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको सहरी क्षेत्रबाहेकको क्षेत्र | १०००.०० | ०-२-१९.०६ | १-१५-१-३.२१ | १००००.०० | १-९-१०.६१ | १९-१०-२-०.०७ |

१२.शुल्क सम्बन्धमाः

- भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले कुनै पनि शुल्क तिर्नु पर्दैन।
- अव्यवस्थित बसोबासीले तिर्नु पर्ने राजश्व
- आयोगको जिल्ला समितिले निर्धारण गरी सूचना प्रकाशन गर्दछ । निर्धारित राजश्व सरकारको बैंक खातामा दाखिला गर्नु पर्दछ ।
- आयोगले निर्धारण गरेको शुल्कमा चित्त नबुझेमा स्थानीय तहमार्फत गुनासो राख्न पाइन्छ ।
- उल्लेखित बाहेक अन्य कुनै शुल्क तिर्नु पर्दैन ।

१३.बाँकी/अधुरा काम बारे

- विगतका आयोग (भूमिसम्बन्धी वा सुकुम्बासी) समिति (जग्गा दर्ता समितिहरू) वा कार्यदलले काम अघि बढाएका तर सम्पन्न हुन नसकेका कार्यहरूबारे आयोगले ३५ दिने सूचना प्रकाशन गर्दछ।
- सो सूचनाको अवधिभित्र सेवग्राहीले आयोगको सम्बन्धित जिल्ला समितिमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।
- यसबारे विस्तृत जानकारीका लागि विगतका आयोग समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ हेर्न सकिन्छ । जसमा विस्तारपूर्वक उल्लेख छ।